आज मिति २०८१ साल मंसिर १२ गते बुधवारका दिन विहान ८ :०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क्र.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री ईश्वर बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १५ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँपालिकाको आ208.व.१/०८२ को छैठौं कार्यपालिका बैठकको कार्यसूची

मिति : २०८१/८/१२ समय : विहान ८ 00:बजे

बैठकका प्रस्ताव-:

१. घर नक्सा अभिलेखिकरणको म्याद थप सम्बन्धमा ।

२. स्थानीय निकाय (साविक गा.वि.स.) अन्तर्गतका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधी

३. महिला स्वास्थ्य स्वयंसेविका दिवसमा ७३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु लाइ छाता र टर्च वितरण सम्बन्धमा ।

४. योजना संचालन तथा अपुग रकम सम्बन्धमा ।

५. सनकट्टी घाट उत्राही को ठेक्काको ठेक रकम सम्बन्धमा ।

६. आर्थिक सहयोग सम्बन्धमा ।

७. विपद् व्यवस्थापन कोष बाट विपद् सम्बन्धी कार्यक्रम संचालन गर्न रकम विनियोजन गर्ने सम्बन्धमा ।

८. योजनाको म्याद थप सम्बन्धमा ।(सिंगाही कल्भर्ट निर्माण, पाताभार वाउण्डरी वाल निर्माण)

९. सडक बोर्डको योजना सम्बन्धमा ।

१०. ठेक्का समाप्त गर्ने सम्बन्धमा ।

- दिव्यज्योति प्रा.वि. मा २ कोठे भवन निर्माण
- गाउँपालिका प्रशासकीय भवनमा अन्य पूर्वाधार निर्माण

११. सडक बत्तिको मर्मत सम्भार सम्बन्धमा ।

१२. बर्षिम घाँसको अनुदान रकम सम्बन्धमा ।

१३. घुम्तिकोष संचालन कार्यविधी सम्बन्धमा ।

१४. कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा मापदण्ड २०८१ सम्बन्धमा ।

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/८/१२ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१**

| |
|---|
| **प्रस्तावको विषय** : घर नक्सा अभिलेखीकरणको म्याद थप सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकामा घर नक्सा पास नगरी गत विगतमा बनेका घरहरुको अभिलेखीकरण गर्ने म्याद २०८२ असाढ मसान्त सम्म थप गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकामा घर नक्सा पास नगरी गत विगतमा बनेका घरहरुको अभिलेखीकरण गर्ने म्याद मिति २०८१/६/३० मा समाप्त भएको र गाउँपालिका भित्र हाल सम्म अधिकाँश घर भवनहरु अभिलेखीकरणहुन बाँकी रहेकोले घर नक्सा अभिलेखीकरणको म्याद थप गरिदिन जनस्तर बाट माग भएको हुँदा मिति २०८२ असाढ मसान्त सम्मको लागी घर नक्सा अभिलेखीकरण गर्ने म्याद थप गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : कार्यविधि निर्माण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** साविक स्थानीय निकाय (जि.वि.स./गा.वि.स.) मा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि निर्माण गर्ने । |
| **भएको निर्णय** : साविक स्थानीय निकाय (गा.वि.स./जि.वि.स.) मा कार्यरत रही कर्मचारी समायोजनको क्रममा यस गाउँपालिकामा समायोजन हुनु भएका विभिन्न पदका कर्मचारीहरु उमेर हदका कारण सेवा अवकाश समेत भइसकेको अवस्थामा निजहरुले सेवा अवकाश पछि नियमानुसार पाउने सेवा सुविधाको सम्बन्धमा कानूनी अस्पष्टता कारण अन्यौलता रहेकोले निजहरुको सेवा सुविधा भुक्तानीको लागी साविक स्थानीय निकाय (जि.वि.स./गा.वि.स.) मा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि गेरुवा गाउँपालिकाको कार्यविधि निर्माण गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/८/१२ |

**प्रस्ताव नं :३**

| |
|---|
| **प्रस्तावको विषय** : महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई सामग्री वितरण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु लाई प्रोत्साहन गर्ने । |
| **भएको निर्णय** : स्वास्थ्यको क्षेत्रमा नि : शुल्क रुपमा सेवा प्रदान गर्दै आईरहेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई आवश्यक्ता अनुसार घाम, पानी तथा रात्रीको समयमा समेत काममा खटिनु पर्ने भएकोले यस गाउँपालिका अन्तर्गतका कार्यरत ७३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई निजहरुको काममा उत्प्रेरित गर्न राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस २०८१ को अवसरमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत चालु खर्च तर्फ **विभिन्न दिवस तथा समारोह** शिर्षक बाट रकम खर्च गर्ने गरी जनही १/१ थान हाते टर्च र छाता वितरणका साथै खाजा खर्च व्यवस्थापन गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :४**

**प्रस्तावको विषय** : योजनाको रकम अपुग सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** चालु आ.व. मा विनियोजित रकम अपुग भई निर्माण सम्पन्न हुन नसक्ने योजनाहरु लाई बहुबर्षिय योजनाको रुपमा संचालन गर्न ठेक्का गर्ने ।

**भएको निर्णय** : चालु आ.व. २०८१/०८२ मा संचालनको लागी छनौट भएका तपशिलका योजनाहरुको लागत अनुमान तयार गर्दा विनियोजित बजेट भन्दा लागत अनुमान रकम बढी हुन आएकाले उक्त योजनाहरुमा अपुग रकम आगामी आ.व. मा व्यवस्था गर्ने गरी बहुबर्षिय योजनाको रुपमा संचालन गर्न ठेक्का आह्वान गर्ने निर्णय गरियो

तपशिल

| क्र.सं. | योजनाको नाम | आ.व. २०८१/०८२ मा विनियोजित रकम | लागत अनुमान | अपुग रकम |
|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण | रु. २३५००००।- | रु. ५१५१३८५।४४ | रु. २८०१३८५।४४ |
| २ | गेरुवा गाउँपालिका वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | रु. २३५००००।- | रु. ६६९६३७९।५२ | रु. ४३४६३७९।५२ |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/८/१२

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/८/१२ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :५**

| |
|---|
| **प्रस्तावको विषय** : सनकट्टी घाट उत्राहीको ठेक अङ्क सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** सनकट्टी घाट उत्राहीको ठेक अंङ्क रु. २ लाख कायम गरी घाट उत्राही ठेक्का संचालनको लागी ७ दिने सूचना प्रकाशन गर्ने । |
| **भएको निर्णय** : यस गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने सनकट्टी घाट उत्राही कार्य ठेक्का प्रकृया बाट संचालन गर्नको लागी यस गाउँपालिका बाट रु. ३५००००।- ठेक अंङ्क कायम गरी दुई पटक सूचना प्रकाशन गर्दा समेत कसैले पनि ठेक्का प्रकृयामा भाग लिन नआएकोले उक्त घाट उत्राहीको ठेक अंङ्क कर सहित रु. २०००००।-(अक्षरेपी : दुइ लाख मात्र ) मात्र कायम गरी पुन : तेश्रो पटक सनकट्टी घाट उत्राही ठेक्काको लागी ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :६**

| |
|---|
| **प्रस्तावको विषय** : आर्थिक सहयोग सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** मोटर साइकल दुर्घटनामा परी घाइते हुनु भएका ४ नं. वडा का जितेन्द्र चौधरीको उपचारको लागी रु. ३००००।- सहयोग गर्ने । |
| **भएको निर्णय** : यही २०८१ सालको तिहारको अवसरमा भाइटीका लागाइ फर्किदै गर्दा मोटर साइकल दुर्घटनामा परी घाइते हुनु भएका यस गेरुवा गाउँपालिका वडा नं. ४ बस्ने जितेन्द्र चौधरीको घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले यस गाउपालिकाको विपद् व्यवस्थापन कोष बाट खर्च व्यहोर्ने गरी रु. ३००००।- (अक्षरेपी : तीस हजार मात्र) उपचार खर्च सहयोग गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/८/१२ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/८/१२ समय : विहान ८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :७**

**प्रस्तावको विषय** : योजनाको म्याद थप सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन :

**निर्णय हुनु पर्ने विषय :** सम्झौता अवधी भित्र निर्माण कार्य सम्पन्न गर्न नसक्ने कारण सहित म्याद थपको लागी निवेदन दिएका निर्माण व्यवसायीहरुको योजनाको म्याद थप गर्ने ।

**भएको निर्णय** : यस गेरुवा गाउँपालिकाले विभिन्न मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरु विविध कारण वश सम्झौता अवधि भित्र सम्पन्न हुन नसक्ने भएकोले म्याद थपको लागी निवेदन दिएका तपशिलका निर्माण व्यवसायीहरुले संचालन गरिरहेका तपशिलका ठेक्काहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम तपशिलको समय भित्र कार्य सम्पन्न हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण कम्पनी | निर्माण सम्पन्न गर्ने मिति | म्याद थप गरिएको अवधि | म्याद थप हुनुको कारण |
|---|---|---|---|---|---|
| W/GRM/SQW /08/2080-081 | Singahai Gaun Dekhi Khutena Gaun Batoma Box Culvert nirman | नितिश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. धनगढी | २०८१/८/१ | २०८१/११/१ | २०८१ असाढमा सम्झौता भएको र बर्षाको समयमा कुलोमा पानीले काम गर्न नसकेकोले म्याद थप गर्नु परेको । |
| W/GRM/NCB /08/2080-081 | Boundary wall gate construction at patabhar health post | आदर्श कन्स्ट्रक्सन गेरुवा ६, बर्दिया | २०८१/७/३० | २०८१/१२/३० | गत आ.व. मा विनियोजित रकम अपुग भएको र पछि वाउण्डरी लगाउँदा जग्गा विवादले काम अवरुद्ध भएकोले म्याद थप भएको । |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/८/१२

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/८/१२ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :८**

| |
|---|
| **प्रस्तावको विषय** : विपद् सचेतना कार्यक्रम संचालन सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** यस गाउँपालिकामा गठन भएका वडा विपद् व्यवस्थापन समिति, माध्यामिक विद्यालय तथा समुदायका विपद् व्यवस्थापन समितिहरुका पदाधिकारीहरु लाई विपद् सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिका विपद्को उच्च जोखिम क्षेत्रमा रहेकोले बर्षेनी बाढी जन्य जोखिम बाट यस क्षेत्रका बासिन्दाहरु प्रभावितहुने गरेकोले यस गाउँपालिकाको विपद व्यवस्थापन कोष बाट रु. १० लाख खर्च हुने गरी यस गाउँपालिकामा गठन भएका वडा विपद् व्यवस्थापन समिति, माध्यामिक विद्यालय तथा समुदायका विपद् व्यवस्थापन समितिहरुका पदाधिकारीहरु लाई तपशिल बमोजिमका विपद् सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्न गाउँ कार्यपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो<br>तपशिल<br>१. विपद् पूर्व अनुमानमा आधारित पूर्वकार्य र वपद् पश्चात गरिने तथ्याँङ्क संकलन सम्बन्धि कार्यक्रम ।<br>२. विपद् पूर्व तयारी सचेतना कार्यक्रम ।<br>३. समुदायका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु लाई ४ दिने खोज तथा उद्दार सम्बन्धि तालिम ।<br>४. समुदायका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु लाई ४ प्राथमिक उपचार सम्बन्धि तालिम ।<br>५. २ दिने कृत्रिम घटना अभ्यास सम्बन्धी तालिम । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमो (जिम निर्णयको**<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/८/१२ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णय:

बैठक मिति 208 :१/८/१२ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :९**

| |
|---|
| **प्रस्तावको विषय** : सडक बत्तीको मर्मत सम्भार सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** गाउँपालिका क्षेत्र भित्रका वडामा रहेका सडक बत्तीको मर्मत सम्भार गर्ने जिम्मेवारी सम्बन्धित वडा लाई दिने । |
| **भएको निर्णय** : यस गाउँपालिका अन्तर्गतका विभिन्न वडामा गत विगतमा जडान गरेका सडक बत्तीहरु लामो समय देखी विग्रेर संचालनमा नआएकोले सडक बत्ती मर्मतको लागी जनस्तर बाट गुनासो आएको हुँदा सडक बत्ती यथाशिघ्र नियमानुसार मर्मत सम्भार गर्न गेरुवा गाउँपालिका कार्यालय लाई निर्देशन गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :१०**

| |
|---|
| **प्रस्तावको विषय** : बर्षिम घाँसको अनुदान रकम सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** स्थानीय सरकार :सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** बर्षिम घाँसको लागी किसान बाट योगदान भएको अनुदान रकम मात्र फिर्ता गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा बर्षिम घाँसको वीउ वितरण कार्यक्रम संचालन गर्न सो कार्यक्रममा विनियोजित रु. ४५००००।- रकममा सोही बराबर रकम कृषकहरु बाट संकलन गरी कुल रु. ९०००००।- मूल्य बराबरको बर्षिम घाँसको वीउ आपूर्ति कर्ता फर्म बाट खरिद गरी कृषकहरु लाइ वितरण गरिएकोमा उक्त वीउ कम गुणस्तर भई नउम्रिएकाले कमसल भएको गुनासो कृषकहरु बाट आएको हुँदा वीउ आपूर्ति गर्ने फर्म र यस कार्यालय वीच भएको खरिद सम्झौता बमोजिम वीउ आपूर्ति गर्ने फर्म लाइ जरिवान स्वरुप सम्पूर्ण रकम फिर्ता गर्न लगाइएको हुँदा यसरी फर्ता भएको रकम मध्ये बाट कृषकहरुको योगदान वापतको रकम सम्बन्धित कृषकहरु फिर्ता दिने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :१/८/१२ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/८/१२ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :९**

**प्रस्तावको विषय** : ठेक्का समाप्त गर्ने सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु** 2074 स्थानीय सरकार सञ्चालन ऐन :को दफा १७

**निर्णय हुनु पर्ने विषय** : सम्झौता अवधि समाप्त भई अधिकाँश कार्य सम्पन्न भई सकेका र हाल निर्माण कार्य स्थिगित भएका योजना हरुको ठेक्का समाप्त गर्ने ।

**भएको निर्णय** : यस गेरुवा गाउँपालिकाले विभिन्न मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरुको अधिकाँश निर्माण कार्य सम्पन्न भएको, सम्झौता अवधि समाप्त भई सकेको र हाल निर्माण कार्य स्थगित रहेका तथा विविध कारण वश ठेकेदार बाट निर्माण हुन नसक्ने तपशिलका योजनाहरुको ठेक्का समाप्त गरी निर्मित कार्यको मात्र मूल्याँङ्कन गरी भुक्तानी दिने निर्णय गरियो ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण कम्पनी | कार्य सम्पन्न प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | दिव्यज्योती प्रा.वि. को २ कोठे भवन निर्माण | | | |
| | गाउँपालिका प्रशासकीय भवनमा अन्य पूर्वाधार निर्माण | | | |
| | | | | |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/८/१२